# ९ पत्रुस र अन्य जाति वा गैर यहूदी

*<u>यस अध्यायका मूल पदहरू:</u>* प्रेरित २:५-२१, प्रेरित १०:१-८, प्रेरित १०:२३-४८, रोमी २:१४-१६, प्रेरित १०:९-२२, प्रेरित ११:१-१०, प्रेरित १५:१-३५।

***<u>स्मरण गर्नुपर्ने मूल पद:</u>*** **"पत्रुसले जवाफ दिए "तपाईंहरू सबैजना पापबाट फर्कनुपर्छ र येशू ख्रीष्टको नाउँमा बप्तिस्मा लिनुपर्छ। अनि तपाईंका पापहरूलाई क्षमा दिइनेछ। तपाईंहरूले पवित्र आत्माको बरदान पाउनुहुनेछ। त्यो प्रतिज्ञा तपाईं र तपाईंका सन्तानहरूको निम्ति हो। त्यो प्रतिज्ञा टाढा टाढा रहेका सबै जनाको निम्ति हो। हामीहरूका परमप्रभु परमेश्वरले चुनेका सबैजनाको निम्ति त्यो प्रतिज्ञा दिइएकोछ।" (प्रेरित २:३८,३९ रूपान्तरित)।**

**यहूदीहरूले तिरस्कार गरेका अन्य जाति वा म्लेच्छ कहलाउनेहरूलाई सुसमाचार सुनाउनेमा पत्रुस पहिलो प्रेरित हुन्।** जब चर्चको थालनी भयो उनले चर्चलाई धेरै वर्षसम्म नेतृत्व दिएका थिए। अन्य जातिको बीचमा पावल असाधारण मिसिनेरी वा प्रचारक हुन पुगेपनि पत्रुसको नेतृत्व कायमै थियो। पावलसँगसँगै मिलेर आफूहरूका नेतृत्वद्वारा तिनीहरूले प्रायजसो यहूदीहरूलाई येशूको महान् निर्देशन (मत्ती २८:१९,२०) सारा संसारमा सुसचाचार सुनाउनु हो भनेर बुझाउन खोजेका थिए।

यहूदी र अन्य जातिका विश्वासीहरूलाई चर्चमा एकत्रित गर्ने काममा पत्रुसको प्रयास सराहनीय छ। विदेशी वा अन्य जातिबाट इसाई भएर आएका विश्वासीहरूलाई यहूदी संस्कारको बारेमा ज्ञान थिएन। जो पनि येशूलाई विश्वास गर्नेले यहूदी रीतिथिति पालन गर्नैपर्छ भन्ने परमेश्वरको चाहना छ भनेर यहूदी इसाईहरूले ठानेका थिए। जुनसुकै अग्रज प्रचारकले सामना गर्नुपरेको समस्या पत्रुसले पनि, मान्नुपर्ने कडा नियमहरू र संस्कारको बीच छुट्याएर विश्वासीहरूलाई चित्त बुझाउनु परेको थियो। त्यसकारण, यरुशलेममा भएको इसाई धार्मिक परिषदमा पत्रुसले यो घोषणा गरेका थिए "यहूदी र अन्य जातिको बीचमा केही

भिन्नता छैन भनेर परमेश्वरले देखाउनुभएको छ। तिनीहरूमा भएको आस्थाले गर्दा तिनीहरूका हृदयहरू शुद्ध वा सफा भएका छन्।" (प्रेरित १५:९ रूपान्तरित)। प्रारम्भिक चर्चदेखि नै चर्चको एकतामा धक्का हुने विषयवस्तुलाई साम्य पार्न पत्रुसले प्रयास गरेका थिए।

## १ पेन्टिकोसमा पत्रुस (प्रेरित २:५-२१)

येशू स्वर्गमा उक्लिनुभन्दा अघि उहाँले बोल्नुभएको वचनमा सुसमाचार प्रचार गर्ने स्वभावको थियोः "तिमीहरू यरुशलेममा मेरा साक्षीहरू भएर देखाउनेछौ। सारा यहूदिया र सामरियामा तिमीहरू मेरा निम्ति साक्षीहरू भएर खडा हुनेछौ। अनि तिमीहरू संसराको एक कुनाकाप्चादेखि अर्को कुनाकाप्चासम्म मेरा साक्षीहरू भएर देखाउनेछौ।" (प्रेरित १:९ रूपान्तरित)। सुसमाचार प्रचार कुनै स्थानीय इलाकामा सिमित नराखी बिश्वव्यापी गर्न चेलाहरूलाई येशूको अन्तिम निर्देशन थियो। त्यसको अर्थ चेलाहरूले तत्कालै नबुझेपनि त्यो निर्देशन दिएको १० दिन पछि त्यसको भेद खोलेको थियो। त्यसमा सुसमाचार प्रचार गर्ने प्रमूख भूमिका खेल्नेमा पत्रुसले अग्रज स्थान खेलेका थिए।

**प्रेरित २:१-४०मा सुसमाचार प्रचार गर्ने परमेश्वरको विश्वव्यापी योजना प्रकट गरिएको छ। सारा संसारमा सुसमाचार प्रचार गर्नेमा यहूदीहरूले खेल्ने प्रमूख भूमिका पनि त्यसमा समावेश भएको छ। हेर्नुहोस्ः "१ जब पेन्तिकोसको दिन आयो, तिनीहरू सबै एकै ठाउँमा भेला भएका थिए। २ अनि स्वर्गबाट अचानक ठूलो बतासको झोक्काजस्तै एउटा आवाज आयो, र तिनीहरू बसेको पूरा घरै भरिदियो। ३ आगोका जिब्राहरूजस्ता तिनीहरूकहाँ देखा परे, र भाग-भाग भएर तिनीहरू हरेकमाथि बसे। ४ अनि तिनीहरू सबै जना पवित्र आत्माले भरिए, र पवित्र आत्माले तिनीहरूलाई दिनुभएको उच्चारणबमोजिम तिनीहरू अन्य भाषाहरूमा बोल्न लागे। ५ स्वर्गमुनि भएको हरेक देशबाट ईश्वरभक्त यहूदीहरू त्यस बेला यरूशलेममा बसेका थिए। ६ तब यो आवाज सुनेर भीड जम्मा भयो। तिनीहरू आश्चर्यचकित भए, किनकि हरेकले आफ्नो-आफ्नो भाषामा तिनीहरू बोलिरहेका सुन्यो। ७ तिनीहरू सबै आश्चर्यचकित भए, र अचम्म मानेर भन्न लागे, "के यी**

बोल्नेहरू सबै गालीलीहरू होइनन् र? ८ त कसरी तिनीहरू हरेकले हाम्रा
आफ्ना मातृभाषामा बोलेको हामी सुन्छौं? ९ हामीहरू यहाँ पार्थीहरू,
मादीहरू र एलामीहरू, र मेसोपोटामियाका, यहूदियाका, कापाडोकियाका,
पोन्टस र एशियाका बासिन्दाहरू छौं। १० अनि फ्रिगिया, पामफिलिया,
मिश्र र कुरेनीमा पर्ने लिबियाका कतिपय क्षेत्रहरू र रोमबाट आएका
यहूदी र यहूदी मत मान्नेहरू दुवै छौं, ११ क्रेटका बासिन्दाहरू र
अरबीहरू पनि छौं, अनि हामी आ-आफ्ना भाषामा परमेश्‍वरका महान्
कार्यहरूको चर्चा तिनीहरूले गरिरहेका सुन्दैछौं।" १२ तिनीहरू सबै
आश्‍चर्यचकित भए र अन्योलमा परेर एउटाले अर्कालाई यसो भन्न लागे,
"यसको अर्थ के हो?" १३ तर अरूहरूले हाँसो गरेर भने, "तिनीहरू नयाँ
मद्यले मातेका छन्।" १४ तर पत्रुसले एघार जनासँग खड़ा भएर उच्च
सोरमा तिनीहरूलाई भने, "यहूदियाका मानिस हो, र यरूशलेमका जम्मै
बासिन्दाहरू, तपाईंहरूलाई यो कुरा थाहा होस्, र मेरा कुरा सुन्नुहोस्।
१५ किनभने तपाईंहरूले ठान्नुभएझैं यिनीहरू मातेका छैनन्, किनकि
अहिले बिहानको नौ मात्र बजेको छ। १६ तर योएल अगमवक्ताद्वारा
भनिएको कुरा यही हो, १७ 'आखिरी दिनहरूमा यस्तो हुनेछ भनी
परमेश्‍वर भन्नुहुन्छ, म सबै मानिसहरूमाथि मेरा आत्मा खन्याइदिनेछु,
र तिमीहरूका छोराहरू, र तिमीहरूका छोरीहरूले अगमवाणी बोल्नेछन्,
र तिमीहरूका युवकहरूले दर्शन देख्नेछन्, र तिमीहरूका बूढ़ापाकाहरू
स्वप्नदर्शी हुनेछन्। १८ हो, म आफ्ना दास-दासीहरूमाथि ती दिनमा मेरा
आत्मा खन्याइदिनेछु, र तिनीहरूले अगमवाणी बोल्नेछन्। १९ माथि
आकाशमा म अचम्मका काम र तल पृथ्वीमा चिन्हहरू देखाउनेछु,
अर्थात् रगत, आगो, र धूवाँको मुस्लो। २० परमप्रभुको महान् र गौरवमय
दिन आउन अगाडि सूर्य अन्धकारमा र चन्द्र रक्तमा परिवर्तन हुनेछन्।
२१ अनि जसले परमप्रभुको नाउँ लिनेछ, त्यसले उद्धार पाउनेछ।' २२
"इस्राएलका मानिस हो, यी कुरा सुन्नुहोस्, नासरतका येशू यस्ता व्यक्ति
हुनुहुन्थ्यो, जसलाई परमेश्‍वरले शक्तिशाली कामहरू, अचम्मका कामहरू र
चिन्हहरूद्वारा तपाईंहरूका सामुन्ने प्रमाणित गर्नुभयो। तपाईंहरूलाई थाहै
छ कि परमेश्‍वरले तपाईंहरूका बीचमा यी कामहरू उहाँद्वारा गर्नुभएको
हो। २३ परमेश्‍वरले ठहराउनुभएको निश्‍चित योजना र पूर्वज्ञानअनुसार
पक्राउ पर्नुभएको यिनै येशूलाई अधर्मी मानिसहरूका हातद्वारा तपाईंहरूले

क्रूसमा टाँगेर मार्नुभयो। २४ उहाँलाई परमेश्वरले मृत्युको पीडाबाट
छुटकारा दिएर जीवित पार्नुभयो। किनकि मृत्युको अधीनमा उहाँ भइरहनु
असम्भव थियो, २५ किनकि दाऊदले उहाँको विषयमा भन्दछन्, 'मैले
प्रभुलाई सधैं मेरो सामने देखें, किनभने म नडगमगाऊँ भनेर उहाँ मेरो
दाहिनेतर्फ हुनुहुन्छ। २६ यसकारण मेरो हृदय आनन्दित र मेरो जिब्रो
हर्षित भयो।

यसबाहेक मेरो शरीरले पनि आशामा जिउनेछ। २७ किनकि
तपाईंले मेरो प्राणलाई पातालमा छोड्नुहुनेछैन, न त तपाईंले आफ्ना
पवित्र जनको शरीर कुहुन दिनुहुनेछ। २८ तपाईंले मलाई जीवनको
मार्गहरू बताउनुभयो,

तपाईंले मलाई आफ्नो उपस्थितिद्वारा आनन्दले गद्‌गद्
पार्नुहुनेछ।' २९ "भाइ हो, हाम्रा पुर्खा दाऊदको विषयमा म तपाईंहरूलाई
निश्चयतासाथ भन्न सक्छु, कि उनी मरे र गाडिए, अनि आजको दिनसम्म
उनको चिहान छँदैछ। ३० यसकारण एक अगमवक्ता भएका हुनाले,
उनले जान्दथिए कि परमेश्वरले शपथ खानुभएको थियो कि उनकै
सन्तानबाट उनको सिंहासनमा एक जनालाई परमेश्वरले बसाल्नुहुनेछ।
३१ अघिबाटै यो देखेर उनले ख्रीष्टको पुनरुत्थानको विषयमा भने कि
उहाँ न पातालमा छोडिनुभयो, न त उहाँको शरीर नै कुह्यो। ३२ यिनै
येशूलाई परमेश्वरले जीवित पार्नुभयो। यस कुराका हामी सबै साक्षी
छौं। ३३ यसैकारण परमेश्वरको दाहिने बाहुलीपट्टि उहाँ उच्च
पारिनुभयो, र पिताबाट पवित्र आत्माको प्रतिज्ञा पाउनुभयो, र उहाँले यो
खन्याइदिनुभएको हो, जे तपाईंहरू देख्नु र सुन्नुहुन्छ। ३४ किनकि
दाऊद त स्वर्गमा चढ़ेनन्, तर उनी आफैले भन्दछन्, 'परमप्रभुले मेरा
प्रभुलाई भन्नुभयो, तिमी मेरो दाहिने हातपट्टि बस ३५ जबसम्म म तिम्रा
शत्रुहरूलाई तिम्रा खुट्टाको पाउदान तुल्याउँदिनँ।' ३६ "त्यसैकारण
इस्राएलको सारा परिवारले यो पक्का गरी जानोस्, कि येशू, जसलाई
तपाईंहरूले क्रूसमा टाँग्नुभयो, परमेश्वरले उहाँलाई प्रभु र ख्रीष्ट
बनाउनुभयो। ३७ यो कुरा सुनेर तिनीहरूको हृदय छियाछिया भयो, अनि
पत्रुस र अरू प्रेरितहरूलाई तिनीहरूले भने, "ए भाइ हो, हामीले के गर्ने?"
३८ पत्रुसले तिनीहरूलाई भने, "पश्चात्ताप गर, र तिमीहरूका पाप-
क्षमाको निम्ति येशू ख्रीष्टको नाउँमा तिमीहरू प्रत्येकले बप्तिस्मा लेऊ, र

तिमीहरूले पवित्र आत्माको वरदान पाउनेछौ। ३९ किनकि प्रतिज्ञा तिमीहरूका निम्ति, तिमीहरूका सन्तानको निम्ति र टाढ़ा-टाढ़ामा रहेका सबैका निम्ति हो, प्रत्येक जसलाई प्रभु हाम्रा परमेश्वरले बोलाउनुहुन्छ। ४० अरू धेरै कुराहरूद्वारा उनले तिनीहरूलाई गवाही दिए, र यसो भनेर अर्ती दिए, "यस दुष्ट पुस्ताबाट तिमीहरूले आफैलाई बचाओ।" ४१ तब जस-जसले उनको कुरा ग्रहण गरे तिनीहरूले बप्तिस्मा लिए, र त्यसै दिन प्रायः तीन हजार मानिसहरू तिनीहरूको संख्यामा थपिए।"

येशूले दिनुभएको महान् निर्देशन प्रथम् पटक पेन्टिकोसको समयमा पूरा भएको थियो। त्यहाँ पवित्र आत्मा खनिएर सारा संसारमा सुमाचार प्रचार गर्ने कामको थालनी भएको थियो। पवित्र आत्मा खनिएकोले पेन्टिकोसको दिनमा ठूलो नतिजा निस्केको थियो। तर वर्षहरू बितेर जाँदा त्यो केवल एक उदाहरणमात्र भएको देखाउँथ्यो किनभने त्यसमा उल्लेख गरेका संख्याभन्दा बेसी मानिसहरूले येशूलाई अङ्गालेका थिए।

पेन्टिकोसमा पत्रुसले गरेको प्रचारमा केही यस्ता उल्लेखनीय बुँदाहरू छन् जुन अहिले पनि समय सापेक्षित छन्:

प्रथमतः पुराना करारमा भएका भविष्यवाणीहरू र प्रतिज्ञाहरू ख्रीष्टमा पूरा भएका थिए (प्रेरित २:१७-२१)। ख्रीष्टको शक्तिशाली काम र उहाँले अलौकिक आश्चर्य कामहरूद्वारा गर्नुभएको परमेश्वरको सेवाकार्य र उहाँको मृत्यु र पुनरुत्थानले उक्त कुरालाई पुष्टि गरेको थियो (प्रेरित २:२२-२४)।

दोस्रो, येशूलाई सम्मान गरिएको थियो। उहाँलाई परमेश्वरको दाहिने हातमा राखिएको थियो र अहिले उहाँ सबैको मसीह र प्रभु हुनुभएको छ (प्रेरित २:३३-३६)। पश्चाताप गरेर पापबाट फर्कने र बप्तिस्मा लिने सबैले उहाँबाट नै पापहरूको क्षमा पाउनेछ (प्रेरित २:३८,३९)।

यहाँ पत्रुसले एकदम सक्रिय भएर येशूमाथि आफ्नो अगाढ विश्वास बराबर प्रकट गरेका थिए। प्रारम्भिक चर्चलाई बलियो नेतृत्व दिन येशूले उनलाई चुन्नुभएको थियो। सुरूमा पत्रुसले अरू आस्था र संस्कृति वा संस्कारलाई प्रेरित पावलले जस्तो स्वीकार गरेका थिएनन् (गलाती २:११-१४)। तर यरुशलेममा आएका १५ राष्ट्रका

यहूदीहरूलाई प्रवचन दिएर सारा संसारको निम्ति उनले सुसमाचारको ढोका खोलेका थिए। त्यस प्रक्रियाले त्यस समयका विश्वले सुसमाचार सुन्ने अवसर पत्रुसबाट नै थालनी भएको थियो।

हामीहरूको जीवनमा पवित्र आत्माको खाँचो कतिको वढि छ भनेर त्यस पेन्टिकोसको विवरणले कसरी बताउँछ? पवित्र आत्माको अगुवाइको निम्ति र उहाँसँग नजिक रहन हामीहरूले कस्ता कस्तो निर्णयहरू गर्नुपर्छ?

## २. कर्नेलियसको आस्था परिवर्तनः भाग १ (प्रेरित १०:१-४८)

अन्य जातिले येशूलाई ग्रहण गरेर उहाँको भक्त बन्न गएको कर्नेलियसको कथाको सन्दर्भमा मुक्ति र गवाहीको बिषयमा हामीलाई के उल्लेखनीय पाठ सिकाउँछ? हेर्नुहोसः " १ कैसरियामा कर्नेलियस नाउँका एक जना मानिस थिए, जो इटालिया भन्ने पल्टनका एक कप्तान थिए।
२ तिनी ईश्वरभक्त थिए, र तिनी र तिनको सारा परिवारले परमेश्वरको भय मान्थे। तिनले मानिसहरूलाई उदारतासाथ दान दिई परमेश्वरलाई सधैं प्रार्थना गर्थे। ३ तिनले दिउँसो तीन बजेतिर दर्शनमा स्पष्ट रूपले परमेश्वरका एउटा स्वर्गदूत आफूतर्फ आएर यसो भनिरहेका सुने, "कर्नेलियस!" ४ भयभीत भएर तिनले उनलाई नियालेर हेरे र भने, "प्रभु, भन्नुहोस्।" अनि उनले तिनलाई भने, "तिम्रा प्रार्थना र गरीबहरूलाई दिएका दान सम्झनाको रूपमा परमेश्वरको सामने पुगेका छन्। ५ अब मानिसहरूलाई योप्पामा पठाऊ, र पत्रुस भनिने सिमोनलाई बोलाइपठाऊ।
६ तिनी चर्मकार सिमोनकहाँ बसेका छन्, जसको घर समुद्रको किनारमा छ।"

७ जब तिनीसँग बोल्ने स्वर्गदूत बिदा भए, तब तिनले आफ्ना नोकरहरूमध्ये दुई जना र निरन्तर तिनको सेवा-टहल गर्ने एक जना भक्त सिपाहीलाई बोलाए, ८ र तिनीहरूलाई सबै कुरा बताएर योप्पामा पठाए। ९ भोलिपल्ट तिनीहरू आफ्नो यात्रामा त्यस सहरको नजिक आइपुग्दा, दिउँसो बाह्र बजेतिर पत्रुसचाहिँ प्रार्थना गर्न घरको कौसीमा उक्ले। १० तिनी भोकाए, र तिनले केही खाने मन गरे, तर अरूहरूले भोजन तयार गरिरहेको बेला तिनी ध्यान-मग्न भए। ११ तिनले स्वर्ग उघ्रेको र त्यहाँबाट चारै कुनामा बाँधिएको तन्नाजस्तो केही पृथ्वीतिर

झरिरहेको देखे। १२ त्यस तन्नामा पृथ्वीका सबै किसिमका चारखुट्टे
जनावर र घस्रने प्राणी र आकाशका चराचुरुङ्गीहरू थिए। १३ तब
तिनले एउटा आवाज सुने, "ए पत्रुस उठ, र मारेर खाऊ।" १४ तर
पत्रुसले भने, "होइन प्रभु, किनभने मैले कहिल्यै केही अपवित्र वा अशुद्ध
थोक खाएको छैनँ।" १५ त्यो आवाज फेरि दोस्रो पल्ट तिनले सुने,
"परमेश्वरले जे शुद्ध गर्नुभएको छ त्यसलाई तिमी अपवित्र नठान।" १६
तीन पल्टसम्म यस्तो भयो, र तुरुन्तै त्यो तन्ना स्वर्गतिर लगियो। १७
जब पत्रुस आफूले देखेको यो दर्शनको अर्थ के होला भनेर मनमनै
अन्योलमा परेका थिए, त्यति नै बेला कर्नेलियसले पठाएका मानिसहरू
सिमोनको घर खोज्दै ढोका अगाडि खड़ा भए, १८ "पत्रुस भनिने सिमोन
यहाँ बसेका छन् कि?" भनी उच्च सोरमा सोधे। १९ जब पत्रुस
दर्शनको विषयमा विचार गरिरहेका थिए तब पवित्र आत्माले तिनलाई
भन्नुभयो, "हेर, तीन जना मानिसले तिमीलाई खोज्दैछन्। २० उठ, र तल
जाऊ, र नहिचकिचाईकन तिनीहरूका साथ लाग, किनभने तिनीहरूलाई
मैले पठाएको हुँ।" २१ तब पत्रुस ओर्ले, र ती मानिसहरूकहाँ गएर भने,
"हेर, तिमीहरूले खोजेको मानिस मै हुँ। तिमीहरू यहाँ आएको कारण के
हो?" २२ तिनीहरूले भने, "एक जना कप्तान कर्नेलियस, जो सोझा र
परमेश्वरसँग डराउने र सारा यहूदी जातिबाट सम्मान पाएका व्यक्ति
हुनुहुन्छ, तपाईंलाई उहाँको घरमा बोलाइपठाउने र तपाईंबाट सन्देश
सुन्नू भनी एउटा पवित्र स्वर्गदूतबाट उहाँलाई आदेश मिलेको छ।" २३
तब तिनले तिनीहरूलाई भित्र बोलाएर तिनीहरूको सत्कार गरे।
भोलिपल्ट पत्रुस उठेर तिनीहरूसँग गए, र योप्पाका कतिपय भाइहरू
तिनको साथ लागे। २४ पर्सिपल्ट तिनीहरू कैसरिया पुगे। आफ्ना
कुटुम्बहरू र घनिष्ठ मित्रहरूलाई बोलाएर जम्मा गरी कर्नेलियस
तिनीहरूको बाटो हेरिरहेका थिए। २५ जब पत्रुस भित्र आए तब
कर्नेलियसले तिनीसँग भेट गरी तिनका पाउ परी दण्डवत् गरे। २६ तर
पत्रुसले उनलाई यसो भन्दै उठाए, "उठ्नुहोस्, म आफै पनि त मानिस नै
हुँ।" २७ तब तिनी उनीसँग कुरा गर्दै घरभित्र गए, र त्यहाँ तिनले धेरै
जना जम्मा भएका भेट्टाए। २८ तब पत्रुसले तिनीहरूलाई भने, "अरू
जातिसँग सङ्गत गर्नु, अथवा तिनीहरूलाई भेटघाट गर्नु एक यहूदीको लागि
कति अनुचित हो भन्ने कुरा तपाईंहरूलाई थाहै छ, तापनि परमेश्वरले

मलाई कुनै मानिसलाई अपवित्र अथवा अशुद्ध नठान्नू भनी देखाउनुभएको
छ। २९ यसैकारण डाक्ने बित्तिकै केही आपत्ति नजनाई म
तपाईंहरूकहाँ आएँ। तपाईंहरूले मलाई किन डाक्नुभयो? अब
भन्नुहोस्।" ३० तब कर्नेलियसले भने, "चार दिनअघि प्रायः यही समय
घरमा म तीन बजेको प्रार्थना गरिरहेको थिएँ, तब चहकिलो पोशाक
पहिरेका एक जना मानिस मेरो सामुन्ने खड़ा भए, ३१ र भने, 'कर्नेलियस,
परमेश्वरको सामुन्ने तिम्रो प्रार्थनाको सुनाइ भएको छ, र तिमीले
गरीबहरूलाई दिएका दानको सम्झना भएको छ। ३२ यसकारण
योप्पामा मान्छे पठाएर पत्रुस भनिने सिमोनलाई बोलाइपठाऊ । तिनी
समुद्रको किनारमा चर्मकार सिमोनको घरमा बसेका छन्।' ३३ तब मैले
तुरुन्तै तपाईंकहाँ मानिस पठाएँ, र तपाईं कृपापूर्वक आउनुभयो। अब
प्रभुबाट तपाईंलाई आज्ञा भएका सबै कुराहरू सुन्न हामी सबै परमेश्वरको
सामुन्ने यहाँ उपस्थित छौं।" ३४ तब पत्रुसले बोल्न थाले, "साँच्ची नै म
देख्तछु, कि परमेश्वरले पक्षपात गर्नुहुन्न, ३५ तर हरेक जातिमा जो
उहासँग डराउँछ, र उचित काम गर्छ, त्यो उहाँको सामुन्ने ग्रहणयोग्य
हुन्छ। ३६ परमेश्वरले इस्राएलीहरूलाई पठाउनुभएको सन्देश, अर्थात्
ख्रीष्टद्वारा प्रचार गरिएको शान्तिको सुसमाचार तपाईंहरूलाई थाहा छ।
(उहाँ नै सबैका प्रभु हुनुहुन्छ।) ३७ यूहन्नाले प्रचार गरेको
बप्तिस्मापछि, गालीलदेखि सुरु गरेर सारा यहूदियाभरि प्रचार गरिएको
वचन यही हो, ३८ कि परमेश्वरले नासरतका येशूलाई पवित्र आत्मा र
शक्तिले अभिषेक गर्नुभयो। उहाँ सुकर्म गर्दै र दियाबलसबाट (सैतान)
पेलिएकाहरूलाई निको पार्दै हिंड्नुभयो, किनकि परमेश्वर उहाँको साथमा
हुनुहुन्थ्यो। ३९ "अनि उहाँले यहूदीहरूको देशमा र यरूशलेममा
गर्नुभएका सबै कुराका हामी साक्षी हौं। उहाँलाई तिनीहरूले काठमा
झुण्ड्याएर पनि मारे। ४० उहाँलाई नै परमेश्वरले तेस्रो दिनमा जीवित
पारी उठाउनुभयो, र उहाँलाई प्रकट गराउनुभयो, ४१ सबै मानिसलाई
होइन, तर हामी जसलाई परमेश्वरले साक्षीको रूपमा छान्नुभयो, र उहाँ
मृतकबाट जीवित हुनुभएपछि हामीले उहाँसँग खानपान गऱ्यौं। ४२
उहाँले हामीलाई जनतामा प्रचार गर्न, र उहाँ जीवित र मृतकहरूका
न्यायकर्ता हुनलाई परमेश्वरद्वारा नियुक्त हुनुभएको व्यक्ति हुनुहुन्छ भन्ने
गवाही दिनलाई आज्ञा गर्नुभएको छ। ४३ सबै अगमवक्ताहरूले उहाँको

गवाही दिएका छन्, कि उहाँमाथि विश्वास गर्ने प्रत्येकले उहाँको नाउँद्वारा पाप-क्षमा पाउँछ।" ४४ पत्रुसले यी कुरा बोल्दाबोल्दै वचन सुन्ने सबैमाथि पवित्र आत्मा ओर्लनुभयो। ४५ अन्यजातिहरूमाथि पनि पवित्र आत्माको वरदान खन्याइएको देखेर पत्रुसको साथमा आउने यहूदी विश्वासीहरू आश्चर्यचकित भए। ४६ किनकि अन्य भाषामा बोलेर तिनीहरूले परमेश्वरको प्रशंसा गरिरहेका उनीहरूले सुने। तब पत्रुसले भने, ४७ "हामीझैं पवित्र आत्मा पाउने यिनीहरूलाई पानीको बप्तिस्मा हुनदेखि कसले मनाही गर्न सक्छ?" ४८ अनि तिनले तिनीहरूलाई येशू ख्रीष्टको नाउँमा बप्तिस्मा दिनू भनी आज्ञा गरे। तब तिनीहरूले पत्रुसलाई केही दिन त्यहीँ रहनुहोस् भनी अनुरोध गरे।"

पाश्चात्य मूलको गोरा कर्नेलियस रोमी सैनिको हाकिम थिए। उनी मूर्तीपूजा गर्ने संस्कारबाट आएका थिए। कर्नेलियस र उनको सबै परिवारमा भएको आस्था परिवर्तनलाई अन्य *जातिको पेन्टिकोस्ट* भनेर कहलाइन्छ। प्रेरितको पुस्तकमा यो अत्यन्त उल्लेखनीय घट्ना हो। सुरूको चर्चले सामना गरेको सब भन्दा ठूलो विषय वस्तुलाई त्यसले सम्बोधन गरेको पाइन्छः के अन्य जाति वा विदेशी अर्थात् यहूदी नभएकाहरूले ख्रीष्टलाई विश्वास गर्नुभन्दा पहिले यहूदी संस्कारमा हुल्नुपर्छ र?

सारा यरुशलेमसमेत समावेश भएको सारा यहूदीयामा रहेको रोमी सिपाहीँहरूको मूल अखडा कैसरियामा थियो। त्यहाँ इटालीका ६०० जना सैनिकहरूको शिविर थियो। प्रत्येक सय जना सैनिकहरूको एक जना हाकिम हुन्थ्यो। ती छ जना हाकिमहरूमा कर्नेलियस पनि एक जना थिए। उनको नाउँले उनी प्रख्यात रोमी सैनिक परिवारबाट आएको देखाउँछ। त्यस परिवारबाट एक जना सैनिक सेनापती आएका थिए जसले हानिवाललाई हराएका थिए। हानिबाल, अर्कै देश कार्थाजिन सैनिकका सेनापती थिए जसले रोमीहरूलाई वर्षौं सम्म दुःख दिएका थिए। कर्नेलियसको स्वभाव पनि उल्लेखनीय छ। उनी परमेश्वरको भक्त थिए र परिवारमा आत्मिक सङ्गति थियो। उनले नियमित रूपमा प्रार्थना गर्दथे र उदार भएको हुनाले आवश्यक परेकाहरूलाई सहायता गर्दथे। परमेश्वरले उनको प्रार्थना सुन्नुभएको

थियो। विशेष सन्देश दिएर परमेश्वरले स्वर्गदूतलाई उनकहाँ पठाउनुभएको थियो।

"सृष्टिकर्ता परमेश्वरलाई स्वर्ग र पृथ्वीको सृष्टिकर्ता हुनुहुन्छ भनेर विश्वास गर्दा उनले उहाँको सम्मान गरेका थिए र उहाँको अधिकारलाई स्वीकार गरेका थिए र आफ्नो जीवनको सबै काममा उहाँको अगुवाइ खोजेका थिए। आफ्नो घरेलु जीवन र सरकारी कामकाजमा यहोहा परमेश्वरप्रति बफादार भएको प्रदर्शन गरेका थिए। आफ्नो घरमा कर्नेलियसले परमेश्वरको निम्ति बेदी बनाएका थिए। परमेश्वरको सहायता बिना आफ्नो जीवनलाई अगाडि बढाउन र आफ्नो जिम्मेवारी वहन गर्न अघि बँढ्न उनले आँट गरेका थिएन।"-एलेन जी ह्वाइट, द आक्टस् अभ द आपस्टल्स, पृ. १३३बाट रूपान्तरित।

जब कर्नेलियसले पत्रुसलाई भेटे तब उनले पत्रुसलाई ढोग्न पुगेका थिए। पत्रुसलाई देख्दा कुनै भगवान देखेको जस्तो उनलाई भएकोले उनलाई ढोग्दा पत्रुसलाई झट्का लागेको थियो। त्यसले यो देखाउँछ कि यो अन्य जाति भएकोले र परमेश्वरको साथमा उनी भएतापनि उनले धेरै आधारभूत सत्यहरू अझै सिक्नु परेको थियो। तर उनी सत्य आत्मज्ञानहरू सिक्न तयार थिए भन्ने कुरामा कसैको असहमत छैन।

**कर्नेलियसले सत्यको बारेमा धेरै ज्ञान नभएतापनि उनमा के यस्ता स्वभावहरू थिए जुन् हामीहरूको आत्मिक जीवनको निम्ति सिक्न उचित देखिन्छ?**

## ३. कर्नेलियसको आस्था परिवर्तनः भाग २ (प्रेरित १०:३३)

"तब पत्रुसले मुख खोल्छन्ः "अब मलाई थाहाभयो कि परमेश्वरले कसैलाई पक्षपात नगरि एकैनास व्यवहार गर्नुहुन्छ।" उनी अघि बढ्छन् "प्रत्येक राष्ट्रका मानिसहरूलाई उहाँले ग्रहण गर्नुहुन्छ। जे उचित छ त्यही गर्ने र जसले उहाँमाथि श्रद्धा राख्छ ती सबैलाई उहाँले मन पराउनुहुन्छ"" (प्रेरित १०:३४,३५ रूपान्तरित)। ती वचनहरूले हामीलाई झट्का त नदेला तर यहूदी इसाईहरूको निम्ति ती अभिव्यक्त अत्यन्त धक्का दिने खालका हुन्। पत्रुस कहाँबाट आएका हुन् र र अरू जातिहरूप्रति उनको धारणा कस्तो थियो भन्ने विषयमा उनी अझै

अलमलमा परेको तथ्यलाई हामी बिर्सनुहुन्न (गलाती २:११-१६ले सो कुरालाई पुष्टि गर्छ)। तर निःसन्देह पत्रुसको कर्नेलियससँग हुनगएको अनुभवले उनको गलत धारणालाई सच्याउन मद्दत मिलेको थियो। सुसमाचारको सन्देशलाई परमेश्वरको योजना कस्तो थियो भन्ने कुराको अझ राम्रो चित्रण त्यस भेटमा पत्रुसले बुझ्न पाएका थिए।

**परमेश्वरलाई विश्वास गर्छु भनेर मुखले मात्र नभनेर उहाँको वचनलाई व्यवहारमै पालन गर्नुपर्छ भन्ने कुरा कर्नेनियसले पत्रुसलाई भनेकोकुराले कसरी पुष्टि गर्दछ? हेर्नुहोस् प्रेरित १०:३३ "तब मैले तुरुन्तै तपाईंकहाँ मानिस पठाएँ, र तपाईं कृपापूर्वक आउनुभयो। अब प्रभुबाट तपाईंलाई आज्ञा भएका सबै कुराहरू सुन्न हामी सबै परमेश्वरको सामुन्ने यहाँ उपस्थित छौं।"**

**कर्नेलियस जस्तो ईस्वरभक्तलाई सुसमाचार सुनाउन आवश्यक छ भनेर प्रेरित ११:१४ले कसरी बताउँछ, हेर्नुहोस् "१४ उनले तिमीलाई वचन सुनाउनेछन्, जसद्वारा तिमीले उद्धार पाउनेछौ– तिमी र तिम्रा सारा परिवारले।'**

**कर्नेलियसको दिमागमा के तैरिरहेको थियो भनेर रोमी २:१२-१६ले कसरी हामीलाई बुझाउँछ? हेर्नुहोसः "१२ सबै जसले व्यवस्थाविना पाप गरेका छन्, तिनीहरू व्यवस्थाविना नै नष्ट पनि हुनेछन्, र व्यवस्थामुनि रहेर पनि पाप गर्नेहरूको इन्साफ व्यवस्थाद्वारा नै हुनेछ। १३ किनकि व्यवस्था सुन्नेहरू परमेश्वरको सामुन्ने धर्मी ठहरिँदैनन्, तर व्यवस्था पालन गर्नेहरू धर्मी ठहरिनेछन्। १४ किनकि व्यवस्था नहुने अन्यजातिहरू स्वाभावैले व्यवस्थाअनुसारका काम गर्दछन् भने, तिनीहरूको व्यवस्था नभए तापनि तिनीहरू आफ्ना निम्ति आफै व्यवस्था हुन्छन्। १५ व्यवस्थाले चाहेका कुराहरू आफ्ना हृदयमा लेखिएका तिनीहरू देखाउँछन्, र तिनीहरूको आफ्नै विवेकले पनि गवाही दिन्छ, र तिनीहरूका विचारहरूले कहिले तिनीहरूलाई दोष्याउँछन्, र कहिले समर्थन गर्छन्। १६ यो त्यस दिन हुनेछ जब परमेश्वरले मैले प्रचार गरेको सुसमाचारअनुसार येशू ख्रीष्टद्वारा मानिसहरूका गुप्त कुराको इन्साफ गर्नुहुनेछ।"**

**कर्नेलियस,** सृष्टिकर्ता परमप्रभु परमेश्वरप्रति श्रद्धा राख्ने वा भय गर्ने अन्य जाति अर्थात् हुनसक्छ गोरा जाति (किनभने उनी रोमी हाकिम

थियो) भनेर हामीले अगाडि उल्लेख गर्‍यौं (प्रेरित १०:२)। तर विश्वासमात्र गरेर मात्र नपुग्ने रहेछ र धेरै कुराहरू सिक्नु पर्नेरहेछ भनेर नम्र भएर महसुस गर्नु कर्नेलियसको सिक्न चाहने ठूलो गुण हो (त्यो मनस्थिति हामी सबैमा पनि हुनुपर्छ)। कर्नेलियस उपवास बस्थे, प्रार्थना गर्थे र आफूले कमाएको सम्पत्ति आवश्यक परेकाहरूलाई बाँड्थे। त्यसले उनको हृदय परमेश्वरको निम्ति कस्तो खुला भएको रहेछ भनेर बताएको थियो। जब उपयुक्त समय आयो परमेश्वरले उनको निम्ति अलौकिक वा अचम्मको काम गर्नुभएको थियो।

स्वर्गदूत उनकहाँ देखापरेको कुरालाई हामीले अत्यन्त गम्भिर रूपमा हेर्नुपर्छ। याद गर्नुहोस्, त्यस स्वर्गदूतले कर्नेलियसलाई सुसमाचारको प्रचार गरेका थिएनन्। तर पत्रुसलाई भेट्न कर्नेलियसको बाटो स्वर्गदूतले खुलाएका थिए। पत्रुसले नै कर्नेलियसलाई येशूको बारेमा वचन बाँडेका थिए (प्रेरित १०:३४-४४)।

## ४. पत्रुसको स्वप्न दर्शन (प्रेरित १०:९-२२, प्रेरित ११:१-१०)

पत्रुसले स्वप्न दर्शनमा अनेकन् असुद्ध पशुहरू आकासबाट तन्नामा भरेर ओर्‍हालेको देखेका थिए र त्यसलाई मारेर खाऊ भन्दा आफूले असुद्ध नखाने भनेर त्यस स्वप्नदर्शनको आकासवाणीमा बोलेको कुरा प्रेरित १०:९-२२मा यो भन्दा अघिको बुँदामा उल्लेख गरिएको छ। त्यसले पत्रुसको दिमागमा अन्यजातिहरूप्रति कस्तो पूर्वाग्रह चढेको रहेछ भनेर देखाउँछ। जसको फलस्वरूप उनको दिमागमा भएको पूर्वाग्रहलाई हटाउन परमेश्वरले उनीसँग सिधै कुरा गर्नुपरेको थियो जसले गर्दा पत्रुसको मनस्थितिको परिवर्तन भएको थियो र चर्चको सामु अन्य जातिहरूकहाँ गएको स्पष्टिकरण दिएका थिए। हेर्नुहोस् प्रेरित ११:१-१८ "१ यहूदियामा हुने प्रेरित र भाइहरूले अन्यजातिहरूले पनि परमेश्वरको वचन ग्रहण गरेछन् भन्ने सुने। २ जब पत्रुस यरूशलेममा आए, तब खतना गर्नेहरूको दलले तिनीसित यसो भन्दै तिनको आलोचना गरे, ३ "खतना नलिने मानिसहरूकहाँ गएर तिनीहरूसँग तपाईंले किन खानपान गर्नुभयो?"

४ तब पत्रुसले क्रमैसँग तिनीहरूलाई व्याख्या दिन थाले: ५ "म योप्पा सहरमा प्रार्थना गर्दैथिएँ, र ध्यान-मग्न थिए, तब एउटा ठूलो

तन्नाजस्तो चार कुनामा समाती तल झरिराखेको केही थोक मैले दर्शनमा देखें, र त्यो मकहाँ आयो। ६ मैले नियालेर हेर्दा त्यहाँ पृथ्वीका जनावर र जङ्गली पशुहरू, घस्रने जन्तु र आकाशका चराचुरुङ्गीहरू देखें। ७ मलाई यसो भनेको एउटा आवाज मैले सुनें, 'पत्रुस उठ, र मारेर खाऊ।' ८ "तर मैले भनें, 'होइन प्रभु, कुनै अपवित्र अथवा अशुद्ध कुरो मेरो मुखमा कहिल्यै परेको छैन।' ९ "तर त्यस आवाजले दोस्रो पल्ट स्वर्गबाट मलाई भन्यो, 'जे परमेश्वरले शुद्ध गर्नुभएको छ त्यसलाई तिमी अपवित्र नभन।' १० तीन पल्ट त्यस्तै भयो, र ती सबै फेरि स्वर्गमा लगिए।

११ "त्यति नै बेला कैसरियाबाट मकहाँ पठाइएका तीन जना मानिसहरू हामी बसेको घरमा आइपुगे। १२ नहिचकिचाई तिनीहरूका साथमा जान मलाई पवित्र आत्माले भन्नुभयो। यी छ जना भाइहरू पनि मेरो साथ लागेका थिए, र हामी त्यस मानिसको घरमा पस्यौं। १३ उनले हामीलाई बताए, कि एउटा स्वर्गदूत उनको घरमा उभिएर यसो भनिरहेका उनले देखे, 'योप्पामा मान्छे पठाएर पत्रुस भनिने सिमोनलाई बोलाइपठाऊ। १४ उनले तिमीलाई वचन सुनाउनेछन्, जसद्वारा तिमीले उद्धार पाउनेछौ– तिमी र तिम्रा सारा परिवारले।' १५ "जब मैले बोल्न थालें, तब सुरुमा हामीमाथि ओर्लनुभएकोजस्तै पवित्र आत्मा तिनीहरूमाथि पनि ओर्लनुभयो। १६ तब प्रभुले भन्नुभएको त्यो वचन मलाई याद भयो, 'यूहन्नाले त पानीले बप्तिस्मा दिए, तर पवित्र आत्मामा तिमीहरूको बप्तिस्मा हुनेछ।' १७ प्रभु येशू ख्रीष्टमाथि विश्वास गर्दा परमेश्वरले हामीलाई जुन वरदान दिनुभयो, तिनीहरूलाई पनि त्यही वरदान दिनुभएपछि परमेश्वरलाई रोक्न सक्ने म को हुँ र?" १८ यी कुरा सुनेपछि तिनीहरू चूप भए, र यसो भन्दै तिनीहरूले परमेश्वरको महिमा गरे, "अब त परमेश्वरले अन्यजातिहरूलाई पनि जीवनको निम्ति पश्चात्ताप दिनुभएछ।"

सारा जातिको बीचमा सुसमाचार प्रचार गर्ने काम यतिको महत्त्पूर्ण थियो कि परमेश्वरले अलौकिक ढँगले कर्नेलियसको आस्था परिवर्तन गर्नुभएको थियो भने प्रचारक पत्रुसलाई पनि मनोक्रान्ती ल्याउने स्वप्न दर्शन दिनुभएको थियो। स्वर्गदूत कर्नेलियसको घरमा पठाइएको थियो भने पत्रुसलाई स्वप्नदर्शन दिइएको थियो।

योप्पामा हुँदा पत्रुस छालाको काम गर्नेको घरमा बसेको पनि चासोको विषय मान्नुपर्छ (प्रेरित ९:४३, १०:६, ३२)। यो कुरामा हामीले आँखा चिम्लनुहुन्न। मरेको पशुको छाला निकालेर त्यसलाई रासायनिक तत्व र पशुकै फोहरमैलाबाट छालालाई प्रसोधित गर्ने काम यहूदीहरूको निम्ति वाक्क लाग्दो थियो। (नेपालमा सार्की भनेको झैं) त्यसबेलाका छालाको काम गर्ने मानिसहरूलाई शहरभित्र बस्न दिँदैनथ्यो। चर्मकार सिमोन समुद्रको छेऊमा रहेको थियो (प्रेरित १०:६)।

छालाको काम गर्ने त्यस मानिसको घरमा पत्रुस बस्नुको अर्थ उनले स्वप्नदर्शन पाउनुभन्दा अघि नै अरू जातिप्रति उनको रहेको संकुचित मनस्थिति केही हदमा सुसमाचारको निम्ति खुकुलो भएको भएको देखाउँछ। यदि पत्रुस र कर्नेलियको परिवारको बीचमा संस्कार वा जातिको नाउँमा कुनै पूर्वाग्रह छ भने त्यो हटाउन आवश्यक थियो। पत्रुसले देखेको स्वप्न दर्शनमा सबै खालका पशुहरूलाई देखाइएको थियो। त्यसको अर्थ सबै मानिसहरू परमेश्वरका सन्तान हुन् भन्ने जनाउँछ।

कर्नेलियसको सामु गवाही दिन पत्रुसलाई उभ्याइएको परिस्थितिले एउटा गम्भिर आत्मज्ञानलाई प्रकट गराएको देखिन्छः परमेश्वरले सबै मानिसहरूलाई ग्रहण गर्नुहुन्छ तर सबै धर्म वा आस्थाहरूलाई बराबरी रूपमा स्वीकार्नुहुन्न। प्रायजसो रोमी समाज होस् वा अरू कुनै समाजमा होस् कर्नेलियस धर्मात्मा मानिस भनेर गनिने व्यक्तिहरूको प्रतिनिधित्व गरेको देखाउँछ। सबै मानिसको सामु ऊ धर्मकर्म, परोपकारी, दानी र ईश्वरभक्त वा धर्मी थिए। उनी रोमको सिपाहीँ भएको हैशियतले मिथ्र देवताको उपासक हुनसक्थ्यो ( बर्तमान भारत जस्तो पूर्वी देशमा जस्तै सूर्यलाई तत्कालिन रोमी साम्राज्यमा मिथ्र वा मित्रलाई उद्धारकर्ता भगवान भनेर पूजा गरिन्थ्यो)। तर परमेश्वर बाहेक अरूलाई परमेश्वरमान्नु उहाँको निम्ति अस्वीकार्य थियो।

कतिपय आस्था वा धर्महरूलाई इसाई आस्थासँग एकैनास गरेर तुलना गरेको देखिन्छ (हुन त कुनै धर्ममा असल कुरा छ भनेर त्यो खराब हुँदैन, तर असल र खराब भन्दा हामीहरूको भक्ति कुनमा छ सो परमेश्वरको निम्ति सरोकारको विषय हो-अनुवादकको प्रतिक्रिया)।

मानिसहरूलाई राजनैतिक मूल धारामा ल्याउन सबै धर्मलाई एकै ठाउँमा राखिन सक्छ। तर यदि मानिसले सबै धर्म एकै हुन् भन्ने समान दृष्टिले हेर्न थालियो भने येशू ख्रीष्टमा भएको अटल विश्वास तथा आस्था कमजोर हुन सक्छ, त्यति मात्र नभएर दश आज्ञाको गरिमाको पनि अबमूल्यन हुनसक्छ।

**अरू मानिसहरूको आस्थाप्रति वा धर्मप्रति हामीहरूको आदर वा श्रद्धा छैन भनेर देखाएतापनि तिनीहरूको आस्थाप्रति अनादर नगरि हामी कसरी चल्ने? मानिसलाई आदर गर्ने वा सम्मान गर्ने र उसको आस्था वा धर्मका शिक्षादीक्षालाई सम्मान गर्नेमा के फरक छ?**

## ५. यरुशलेममा भएको निर्णय (प्रेरित १५:१-३५)

सुसमाचार प्रचारको सुरू सुरूमा अन्य जाति अर्थात् यहूदि नभएका जाति वा विदेशीलाई सुसमाचार प्रचार गर्नुहुन्छ कि हुँदैन भन्ने कुरामा निर्णायक विवाद चर्चमा आएको थियो। येशू ख्रीष्टमा रहेर सत्य यहूदि विश्वासको भाग हुनुपर्ने कुरामा तिनीहरू स्पष्ट थिए (रोमी ११:१७)। जब विदेशी र अर्कै जाति, संस्कृति तथा धर्मका मानिसहरू येशूको सन्देशप्रति आकर्षित भएर विश्वासमा आए तब चर्चमा तनावको स्थिति पैदा हुन्थ्यो। यहूदि इसाईहरूले यहूदि रीतिथिति र पुरानो करारका व्यवस्थाहरू पालन गर्दै थिए। येशूलाई विश्वास गऱ्यो भन्दैमा यहूदि धर्मलाई त्याग गर्नु होइन भन्ने तिनीहरूको धारणा थियो। त्यसकारण तिनीहरूले परम्परादेखि चलि आएको पवित्र मन्दिरको सेवाकार्य तथा यहूदि संस्कारलाई उच्च श्रद्धाले हेर्नेकाम जारि थिए। त्यसैकारण अरू जात तथा राष्ट्रबाट आएका यहूदि नभएका मानिसहरू जब इसाई हुन्छन् तब तिनीहरूले पनि पुरानो करारका व्यवस्थाहरू र त्यहाँ माग गरिएका रितिथितिहरू पालन गरुन् भन्ने अपेक्षा गरिएको थियो। तिनीहरूमा  खतना अर्थात् पुरषहरूको लिङ्गको टुप्पोको छाला छेदन् गर्ने विधि प्रमुख थियो। यदि पुरुषहरू यहूदि समाजमा भित्रिन चाहन्थे भने तिनीहरूले खतना गर्नुपर्थ्यो। त्यसले गर्दा यहूदि धर्मले निर्देशन गरेको अनुसार सबै चलनहरूमा आफू आवद्ध हुने प्रतिवद्धता जनाएको देखाउँथ्यो। के अन्य जातिहरू इसाई भयो भन्दैमा यहूदि संस्कारको खतनालाई पालन गर्नु पर्छ र भन्ने तर्कले सुरूको चर्चलाई

पिरोलेको थियो। कतिपय यहूदि इसाईहरूले अन्य जातिहरू धर्म परिवर्तन गरि इसाई हुँदा परम्परा अनुसार खतना गर्नुपर्छ भन्ने जिकिर गरिरहेका थिए। तिनीहरूले आफ्नो धारणालाई कडा शब्दमा फैलाएका थिए। मुक्ति पाउन येशूलाई मात्र विश्वास गरेर पुग्दैन तर यहूदि धर्ममा पनि प्रवेश गर्नुपर्ने कुरामा तिनीहरू ढुक्क थिए।

अन्य जातिहरू र यहूदिहरूको बीचमा भइरहेको त्यस महत्त्वपूर्ण विषयको बादबिवाद सुल्झाउन चेलाहरूसमेत सम्मिलित एक परिषद यरुशलेममा गठन भएको थियो। त्यसमा के भयो भनेर प्रेरित १५:१-३५मा यसरी उल्लेख गरिएको छः "१ अब कोही मानिसहरूले यहूदियाबाट एन्टिओखियामा आएर भाइहरूलाई यस्तो शिक्षा दिन लागे, "तिमीहरू मोशाको रीतिअनुसार खतना भएनौ भने त तिमीहरूको उद्धार हुन सक्नेछैन।" २ तब पावल र बारनाबासको तिनीहरूसँग धेरै मतभेद र वाद-विवाद भएपछि, त्यहाँका भाइहरूले पावल र बारनाबास र अरू कति जनालाई यस प्रश्नको फैसलाको निम्ति प्रेरितहरू र एल्डरहरूकहाँ यरूशलेम जानलाई नियुक्त गरे। ३ मण्डलीका सदस्यहरूले तिनीहरूलाई त्यहाँबाट बिदा दिए। तिनीहरू फोनिके र सामरियाबाट भएर जाँदा अन्यजातिहरूले प्रभुलाई ग्रहण गरेको कुरा तिनीहरूलाई सविस्तार सुनाए। यस खबरले त्यहाँका भाइहरू अत्यन्तै आनन्दित भए। ४ जब तिनीहरू यरूशलेम आइपुगे, तब तिनीहरूलाई मण्डली, प्रेरित र एल्डरहरूले स्वागत गरे। परमेश्वरले तिनीहरूसँग गर्नुभएका सबै कुराको प्रतिवेदन तिनीहरूले त्यहाँ दिए। ५ तब फरिसी दलका कतिपय विश्वास गर्नेहरूले उभिएर भने, "अन्यजातिहरूको खतना हुनु र तिनीहरूलाई मोशाको व्यवस्था पालन गर्ने आज्ञा दिनु आवश्यक छ।"
६ यस विषयमा सोच-विचार गर्नलाई प्रेरितहरू र एल्डरहरू भेला भए। ७ निकै बहस चलेपछि पत्रुसले खड़ा भएर तिनीहरूलाई भने, "भाइ हो, तपाईंहरूलाई थाहै छ, सुरुका दिनहरूमा कसरी परमेश्वरले मेरो मुखबाट अन्यजातिहरूले सुसमाचारको वचन सुनून् र विश्वास गरून् भनी तिमीहरूका बीचबाट मलाई चुन्नुभयो। ८ हृदयका कुरा जान्नुहुने परमेश्वरले तिनीहरूलाई पनि हामीलाई जस्तै पवित्र आत्मा दिनुभएर तिनीहरूलाई ग्रहण गरेको कुरा देखाउनुभयो। ९ उहाँले तिनीहरू र हामीहरूका बीच कुनै भेदभाव राख्नुभएन, तर तिनीहरूका हृदय

विश्वासद्वारा शुद्ध पार्नुभयो। १० यसकारण चेलाहरूका काँधमा यो जुवा
राखिदिएर किन परमेश्वरको परीक्षा गर्नुहुन्छ? यो जुवा न त हाम्रा पिता-
पुर्खाले न हामीले बोक्न सक्यौं। ११ तर हामी विश्वास गर्दछौं, कि प्रभु
येशूको अनुग्रहबाट हामीले उद्धार पाएका छौं, जसरी तिनीहरूले पनि
पाएका छन्।" १२ तब सभामा सबै चूप बसे, अनि अन्यजातिहरूका
बीचमा परमेश्वरले तिनीहरूद्वारा कस्ता चिन्हहरू र आश्चर्यकर्महरू
गर्नुभयो त्यसको बयान बारनाबास र पावलले गरे। उनीहरूले यो बयान
सुने। १३ तिनीहरू बोलिसकेपछि याकूबले यसो भने, "भाइ हो, मेरो कुरा
सुन्नुहोस्, १४ परमेश्वरले आफ्नै नाउँको निम्ति अन्यजातिहरूबाट एउटा
जाति छान्ने कृपा गर्नुभयो भन्ने कुरो सिमोनले बताएका छन्। १५ यसै
कुरासँग अगमवक्ताका वचन पनि मिल्छन्, जस्तो लेखिएको छ, १६ 'यी
कुरापछि म फर्कनेछु, र दाऊदको भत्केको वासस्थान फेरि बनाउनेछु,
त्यसको भग्नावशेष म फेरि बनाइदिनेछु, र त्यसलाई खड़ा गर्नेछु, १७ र
बाँकी मानिसहरूले परमप्रभुलाई खोज्न सकून्, र सबै अन्यजातिहरूले पनि,
जुनहरू मेरो नाउँद्वारा बोलाइएका छन्, १८ यो कुरा परमप्रभु भन्नुहुन्छ,
जसले प्राचीन कालदेखि यी कुराहरू जनाउनुभएको छ, जो सृष्टिको
आरम्भदेखि जानिएका छन्।' १९ "यसकारण मेरो फैसला यो छ, कि
परमेश्वरतर्फ फर्कने अन्यजातिहरूलाई हामी दुःख नदिऔं, २० तर
तिनीहरूलाई यी कुरा लेखिदिऔं, कि तिनीहरू मूर्तिपूजाको अशुद्धताबाट
अलग्ग रहून्, व्यभिचारबाट, घोक्रो अँठ्याएर मारेको पशुको मासु र
रगतबाट अलग्ग रहून्। २१ किनभने अघिका पुस्तादेखि नै सहरैपिच्छे
मोशाका व्यवस्थाको प्रचार भइरहेको छ, किनकि यो हरेक सभाघरमा
हरेक शबाथमा पढिँदै छ।" २२ तब प्रेरितहरू, एल्डरहरू र सम्पूर्ण
मण्डलीले मिलेर आफ्ना बीचबाट कतिपय मानिसहरूलाई चुनेर पावल र
बारनाबाससँग एन्टिओखियामा पठाउन उचित ठाने, र भाइहरूमध्ये मुख्य
मानिसहरू, यहूदा भनिने बारसाबास र सिलासलाई चुने २३ र तिनका
साथमा उनीहरूले यो पत्र पठाए: "एन्टिओखिया, सिरिया र किलिकियामा
रहने अन्यजाति विश्वासी भाइहरूलाई, प्रेरितहरू र एल्डरहरूको
अभिवादन। २४ हामीले सुनेका छौं, कि हाम्रा बीचका कुनै-कुनैले हाम्रो
आदेशविना नै तपाईंहरूका मन अस्थिर तुल्याएर तपाईंहरूलाई कैयौं
कुराले दुःख दिएका छन्। २५ यसकारण हामी सबैले सर्वसम्मतिद्वारा

गरेको निर्णयअनुसार कतिपय मानिसहरूलाई चुनेर तिनीहरूलाई हाम्रा प्रिय बारनाबास र पावलका साथमा तपाईंहरूकहाँ पठाउन हामीलाई उचित लाग्यो। २६ यी मानिसहरू यस्ता हुन्, जसले हाम्रा प्रभु येशू ख्रीष्टको खातिर आफ्ना प्राण जोखिममा पारेका छन्। २७ यसकारण हामीले यहूदा र सिलासलाई पठाएका छौं। तिनीहरूले पनि सोही कुराहरू मुखैले बताउनेछन्। २८ किनभने पवित्र आत्मा र हामीहरूलाई यो उचित लाग्यो, कि यी आवश्यक कुराहरूबाहेक अरू बढ़ी बोझ तपाईंहरूलाई बोकाउनुहुँदैन। २९ तपाईंहरू मूर्तिहरूलाई बलि चढ़ाएको थोक, रगत, गला अँठ्याएर मारेको पशुको मासु र व्यभिचारबाट अलग्ग रहनुहोस्। यी कुराहरूबाट अलग्ग रहनुभयो भने असल हुनेछ। बिदा।”

३० बिदाबारी भएपछि तिनीहरू एन्टिओखियामा आए, र समुदायलाई एकसाथ जम्मा गरेर सो पत्र दिए। ३१ पत्रमा भएका अर्तीका कुरा पढ़ी तिनीहरू खुशी भए। ३२ यहूदा र सिलास आफैहरू पनि अगमवक्ता भएका हुनाले भाइहरूलाई धेरै वचनद्वारा अर्ती दिएर तिनीहरूलाई बलिया गराए। ३३ यिनीहरूले केही दिन त्यहाँ बिताएपछि, त्यहाँका भाइहरूले यिनीहरूलाई पठाउनेहरूकहाँ शुभेच्छासहित बिदा दिई पठाए। [ ३४ तर सिलासलाई त्यहीं बस्न असल लाग्यो।] ३५ पावल र बारनाबासचाहिँ शिक्षा दिँदै र प्रभुको वचन प्रचार गर्दै अरू धेरै जनाका साथ एन्टिओखियामा बसे।"

यरुशलेम परिषद बस्नुपरेको मूल कारण नै खतनाको बारेमा छलफल गर्न थियो। तर त्यस परिषदमा विभिन्न संस्कारहरूको पनि छलफल गरिएको थियो जुन् इसाई भएपछि पालन गर्नु आवश्यक थिएन। त्यस परिषदमा भएको निर्णयले (पद २३-२९) अब यहूदि र अन्य जातिहरू एक आपसमा हातेमालो गरेर शान्तसँग रहन साझा कार्यक्रम ल्याएको थियो। यहूदि धर्मका मौलिक मूल्य तथा मान्यताहरूलाई सम्मान गर्न अपेक्षा गरिएतापनि अन्य जातिले खतना गर्नुपर्ने आवश्यकतालाई निलम्बन गरिएको थियो। त्यस परिषदको निर्णय दुवै उपयोगी र बाइबलको नीतिसम्मत थियो। विश्वासीहरूको बीचमा कुनै जल्दोबल्दो विषयवस्तु र समस्याहरू देखा पऱ्यो भने **चर्चका अगुवाहर** भेला भएर छलफल गरेर सुल्झाउनुपर्छ भन्ने त्यस परिषद अनुकरणीय उदाहरण बन्न पुगेको थियो। महत्त्वपूर्ण आधारभूत इसाई

शिक्षादीक्षालाई पहिचान गर्दै त्यसभित्र रहिरहेर आफ्नो काम गर्नुपर्छ र विश्वासलाई आँच नआउने सानोतिनो कुराहरूमा अनुभवी मिसिनेरी वा प्रचारकहरू अल्झिनु हुन्न।

**जल्दोबल्दो विषय तथा समस्याहरूलाई सुल्झाउन आजको चर्चले पनि यरुशलेम परिषदबाट हामीले कस्तो पाठ सिक्नुपर्छ? तिनीहरूले के गरे जसले गर्दा हामीहरूको निम्ति निर्देशिका हुनसक्छ?**

## उपसंहारः

**थप जानकारी** "कर्नेलियसको घरमा भएको आफ्नो अनुभव पत्रुसले यरुशलेमको परिषदमा उपस्थित भएका सबै विश्वासीहरूलाई सुनाएका थिए। दुवै यहूदि र अन्य जातिमा पवित्र आत्मा खनिएको देखिँदा आफू आश्चर्य चकित भएको उनले भने। जुन् ज्योति वा आत्मज्ञान र महिमा यहूदिहरूमाथि चम्किएका थिए त्यही आत्मज्ञान वा ज्योति र महिमा खतना नगरेका अन्य जातिहरूको अनुहारमा पनि चम्किएका थिए। पत्रुसले एक समूह वा जाति अर्को समूह वा जाति भन्दा उच्च जाति वा समूह ठान्नुहुन्न भनेर परमेश्वरले उनलाई सतर्क गराउनुभएको थियो। ख्रीष्टको रगतले सबै अशुद्ध तथा पापहरूलाई हटाउने वा धुने प्रावधान भएकोले नै जाति जातिको बीचमा भएको उचनिचको संस्कारलाई परमेश्वरको सामु अमान्य भएको ठहर भएको थियो।

"जब पत्रुसको सम्बोधन श्रोताहरूमाथि पऱ्यो तब पावल र वर्नावासले अन्य जातिहरूको बीचमा आफूहरूले गरेको अनुभव ध्यानपूर्वक र धैर्यतापूर्वक सुन्न वातावरण बने।"-एलेन जी ह्वाइट, द आक्टस् अभ द आपोस्टल्स, पृ. १९३,१९४बाट रूपान्तरित।

## चिन्तनमननः

अ. कतिपय मानिसहरूले पत्रुसको दर्शनलाई औंल्याएर पुरानो करारको स्वास्थ्य र खानाका नियमहरूलाई पालन गर्नु आवश्यक छैन भन्दछन्। त्यसैलाई आधार बनाएर जुनसुकैको मासु खाएपनि हुन्छ भनेर तर्क गर्छन्। तर पत्रुसको स्वप्न दर्शनको अर्थ पत्रुस आफैले स्पष्ट रूपमा व्याख्या गरेका थिएः " कुनै पनि मानिसलाई शुद्ध वा अशुद्ध भन्नुहुन्न भनेर मलाई

देखाएको थियो (प्रेरित १०:२८ रूपान्तरित)। त्यसकारण त्यो दर्शन खानेकुराहरूको बारेमा नभएर सबै मानिस परमेश्वरका सन्तान हुन् भनेर स्वीकार गर्नुपर्छ भनेर देखाएको थियो। जातजातिको भावनालाई निलम्बन गर्न पत्रुसलाई त्यो स्वप्न दर्शन दिएको थियो। तै पनि जे मनलाग्यो त्यही खान मानिसहरूले त्यस दर्शनलाई किन बहाना बनाएर खान्छन्? बाइबलको व्याख्या गर्न हामी कस्तो होशियार हुनुपर्छ भनेर त्यसले कसरी बताउँछ?

आ. रोमी २:१४-१६लाई गम्भिर भएर सोच्नुहोस्। अरू मानिसहरूकहाँ सुसमाचार सुनाउने काममा चासो दिन ती पदहरूले हामीलाई के बताउँछन्? यदि अन्य जातिहरूले आफूले नै मानेर आएका नीति वा व्यवस्थाहरूलाई स्वभाविकै रूपमा पालन गर्छन् भने तिनीहरूलाई सुसमाचार सुनाउनुको औचित्य के छ?

इ. अन्तिम बुँदामा हामीले यरुशलेममा भएको परिषदको बारेमा छलफल गऱ्यौं। त्यो परिषद हामीहरूको चर्चको निम्ति उदाहरण हो भनेर पनि हेऱ्यौं। प्रेरित १५:१-३५ फेरि पढ्नुहोस्। आज चर्च कसरी चल्नुपर्छ भनेर त्यस परिषदको प्रक्रिया र त्यहाँको वातावरण हाम्रो निम्ति कसरी उदाहरण भएको छ? केही नमूनाहरूमा, त्यहाँ (१) सुसमाचार प्रचार गर्दा भएका अनुवभहरू दिएका गवाहीहरू (२) सुसमाचारको उद्देष्यको पहिचान (३) बाइबलको लक्ष्यको निर्धारण (४) सुसमाचार प्रचार प्रचारप्रसार गर्ने नियोगको लक्ष्य र (५) त्यस परिषदमा विश्वासीहरू एक आपसमा कसरी सम्बन्ध राखे।